# ओपिओइड प्रयोग विकार उपचार गर्न टेलिमेडिसिन उपलब्ध छ।

COVID-19 सामुदायिक स्वास्थ्य सङ्कटका बेला, तपाईँले ओपिओइड प्रयोग विकार (opioid use disorder, OUD) का लागि उपचार टेलिमेडिसिन मार्फत प्राप्त गर्न सक्नुहुन्छ। यो सेवा न्यु योर्क सहर(NYC) का निश्चित स्थानहरूमा व्यक्ति-उपस्थित भेट नगरिकनै उपलब्ध छ। स्वास्थ्य स्याहार प्रदायकहरूले टेलि-कन्फेरेन्स वा कहिलेकाहीँ टेलिफोन च्याट जस्ता अडियो-भिजुअल प्ल्याटफर्म प्रयोग गरेर OUD को उपचार प्रदान गर्न सक्छन्। उनीहरूले प्रेस्क्रिप्सन कुनै पनि फार्मेसीलाई इलेक्ट्रोनिक रूपमा पठाउन सक्नेछन्। बुप्रेनोर्फिन– कहिलेकाहीँ Suboxone® भनिने – OUD को उपचार हो, जसलाई प्रदायकहरूले विभिन्न परिस्थितिहरूमा प्रेस्क्राइब गर्न सक्छन् र त्यसलाई जहाँकहीँ सुरु गर्न सकिन्छ। तपाईं टेलिमेडिसिट भेटबाट बुप्रेनोर्फिन उपचारबाट सुरु गर्न (वा तपाईंले पहिले नै यो लिनुभएको छ भने जारी राख्न) सक्नुहुन्छ।

**मैले यो उपचार कहाँ फेला पार्छु?**
टेलिमेडिसिटद्वारा OUD को बुप्रेनोर्फिन उपचार बारे थप जानकारी फेला पार्न निम्नमा जानुहोस्:

- न्यूयोर्क राज्य स्वास्थ्य विभागको लत सेवा र सहायताहरू (Office of Addiction Services and Supports, OASAS) को वेबस्थल oasas.ny.gov मा जानुहोस् र टेलिमेडिसिनमार्फत बुप्रेनोर्फिन उपलब्ध गराउन सक्ने "Medication-Assisted Treatment via Telehealth" (चिकित्सा प्रदायकहरूको सूचीका लागि टेलिहेल्थ)_मार्फत औषधि-सहायता प्राप्त उपचार खोज्नुहोस्। सूचीकृत गरिएका धेरै प्रदायकहरूले मेडिकेड तथा अन्य बीमा स्वीकार गर्दछन्। सहयोगका लागि तपाईं NYS होपलाइनलाई 877-846-7369 मा 24/7 फोन गर्न वा 467369 मा "HOPENY" टेक्स्ट गर्न पनि सक्नुहुन्छ। प्रश्नहरूका लागि, 518-473-3460 मा फोन गर्नुहोस्।
- NYC स्वास्थ्य तथा मानसिक स्वास्थ्य विभाग (NYC स्वास्थ्य विभाग) को वेबस्थल nyc.gov/health मा जानुहोस् र "Opioid Addiction Treatment With Buprenorphine and Methadone" (बुप्रेनोर्फिन र मेथाडोनबाट ओइपोइड लतको उपचार) खोज्नुहोस्। NYC स्वास्थ्य विभागद्वारा फन्ड गरिएको बुप्रेनोर्फिन नर्स स्याहार व्यवस्थापक प्राथमिक स्याहार स्थान फेला पार्न "How to Find Treatment" ( उपचार कसरी फेला पार्ने) मा क्लिक गर्नुहोस्। केही स्थानहरूले टेलिमेडिसिनमार्फत बुप्रेनोर्फिन उपचार उपलब्ध गराउन सक्छन्। केही स्थलहरूले मेडिकेड स्वीकार गर्न सक्छन्, उनीहरूसँग स्लाइडिङ स्केल शुल्क हुन सक्छ वा न्यून आय भएका वा बीमा नभएका मानिसहरूलाई न्यून लागतमा औषधि उपलब्ध गर्न सक्छन्। विस्तृत विवरणका लागि अर्को पृष्ठको तालिका हेर्नुहोस्।
- NYC स्वास्थ्य विभागको वेबस्थल nyc.gov/health मा जानुहोस् र "syringe service programs" (सिरिन्ज सेवा कार्यक्रमहरू) खोज्नुहोस्। केही स्थानहरूले टेलिमेडिसिनमार्फत बुप्रेनोर्फिन उपचार उपलब्ध गराउन सक्छन्। सिरिन्ज सेवा कार्यक्रम (syringe service program, SSP) मा टेलिमेडिसिन भेटहरूका लागि कुनै शुल्क लाग्दैन। तपाईँलाई औषधि लिनको लागि फार्मेसीमा भुक्तानी वा बीमा भने आवश्यक पर्छ। विस्तृत विवरणका लागि आगामा पृष्ठको तालिका हेर्नुहोस्।

**मसँग बीमा छैन वा मेरो टेलिमेडिसिन भेट वा औषधिहरूका लागि मैले भुक्तानी गर्न सकिनँ भने के हुन्छ?**
यदि खर्चको समस्या हो भने, स्लाइडिङ स्केल भएको र न्यून शुल्कमा टेलिमेडिसिन भेट र औषधि प्रदान गर्न सक्ने प्रदायकसँग सम्पर्क गर्नुहोस्। यदि तपाईंसँग बीमा छैन वा टेलिमेडिसिन भेट वा औषधिहरूको लागि भुक्तानी गर्न सक्नुहुन्न भने, कृपया निम्नमा सम्पर्क गर्नुहोस्:

- Manhattan स्थित NYC Health + Hospitals/Bellevue बुप्रेनोर्फिन टेलिमेडिसिन क्लिनिक 212-562-2665 मा
- Bronx स्थित Montefiore Medical Center बुप्रेनोर्फिन उपचार नेटवर्कलाई 718-405-8277 मा

निम्न तालिकामा निर्दिष्ट SSP हरू र प्राथमिक स्याहार स्थानहरू सामेल छन्। यी स्थलहरूमा बुप्रेनोर्फिन नर्स स्याहार व्यवस्थापकहरू रहेका छन्। यी नर्स स्याहार व्यवस्थापकहरूले OUD का लागि बुप्रेनोर्फिन उपचार प्रदान गर्न टेलिमेडिसिन प्रदान गर्न मद्दत गर्दछन्।

| **स्थलको स्थान** | **स्थान किसिम** | **फोन: नम्बर** |
| --- | --- | --- |
| **Bronx** | | |
| Montefiore Comprehensive Family Care Clinic (CFCC)** | प्राथमिक स्याहार स्थल | 718-405-8227 |
| Montefiore Family Care Center (Norwood)** | प्राथमिक स्याहार स्थल | 718-405-8227 |
| Montefiore Family Health Center (Fordham)** | प्राथमिक स्याहार स्थल | 929-220-8411 |
| Montefiore Williamsbridge Family Practice** | प्राथमिक स्याहार स्थल | 929-220-8411 |
| मोन्टेफियोर बुप्रेनोर्फिन ट्रिटमेन्ट नेटवर्क (अन्य स्थानहरू)** | प्राथमिक स्याहार स्थल | 718-405-8227 |
| St. Ann's Corner of Harm Reduction, South Bronx | सिरिन्ज सेवा कार्यक्रम | 718-585-5544 |
| **Brooklyn** | | |
| Afterhours Project* | सिरिन्ज सेवा कार्यक्रम | 347-663-7608 वा 718-249-0755 |
| Community Healthcare Network - East New York Health Hub | प्राथमिक स्याहार स्थल | 718-486-4589 |
| Community Healthcare Network – Williamsburg | प्राथमिक स्याहार स्थल | 718-486-4589 |
| Sterling Avenue Health Center (Brightpoint) | प्राथमिक स्याहार स्थल | 855-681-8700 |
| Sunset Park Family Health Center, Adult Medicine | प्राथमिक स्याहार स्थल | 646-906-2685 |
| Park Ridge Family Health Center | प्राथमिक स्याहार स्थल | 718-907-8100 |
| **Manhattan** | | |
| Bellevue Hospital Buprenorphine Telemedicine Clinic** | NYC Health + Hospitals क्लिनिक | 212-562-2665 |

| | | |
|---|---|---|
| Harlem United (Harlem)* | सिरिन्ज सेवा कार्यक्रम | 212-289-2378, एक्सटेन्स 1277 |
| REACH Clinic-Mount Sinai | प्राथमिक स्याहार स्थल | 646-951-1963 |
| Positive Health Project/Housing Works* | सिरिन्ज सेवा कार्यक्रम | 212-465-8304, एक्स्टेन्सन 4875 वा 4430 |
| Ryan Health-West 97th Street | प्राथमिक स्याहार स्थल | 646-221-0366 वा 212-710-9029, एक्स्टेन्सन 5829 |
| Ryan Health-Clinton Community Health Center | प्राथमिक स्याहार स्थल | 646-221-0366 वा 212-710-9029, एक्स्टेन्सन 5829 |
| Center for Comprehensive Health Practice | प्राथमिक स्याहार स्थल | 212-360-7875 |
| **Queens** | | |
| Community Healthcare Network – Long Island City | प्राथमिक स्याहार स्थल | 332-877-5383 |
| Community Healthcare Network – Sutphin Blvd | प्राथमिक स्याहार स्थल | 332-877-5383 |
| Sutphin Health Center (Brightpoint) | प्राथमिक स्याहार स्थल | 855-681-8700 |
| **Staten Island** | | |
| Bay Street Clinic (Brightpoint) | प्राथमिक स्याहार स्थल | 855-681-8700 |
| NYC Health + Hospitals/Gotham Health Vanderbilt | प्राथमिक स्याहार स्थल | 718-616-0978 |

*सिरिञ्ज सेवा कार्यक्रमहरू मा टेलिमेडिसिन भेटहरूमा कुनै शुल्क लाग्दैन। तपाईंलाई औषधि लिनको लागि फार्मेसीमा भुक्तानी वा बीमा भने आवश्यक पर्छ।

** न्यून आय भएका वा बीमा नभएका मानिसहरूलाई न्यून लागतमा औषधि उपलब्ध छन्।

**NYC स्वास्थ्य विभागले परिस्थितिहरू विकसित हुँदै जाँदा सिफारिसहरू परिवर्तन गर्न सक्नेछ।** 5.21.21